# नेपाल गजेट

## भाग ४

नेपाल सरकारद्वारा प्रकाशित

काठमाडौं आश्विन २८ गते २०१४ साल

### पब्लिक सर्भिस कमिशनको विज्ञापन नं. ५२

शिक्षामन्त्रालय-अन्तर्गत निम्नलिखित पाठशालाहरूलाई निम्नलिखित शिक्षकहरू चाहिएका छन् । योग्य उमेदवारहरूले प. स. क. दरखास्त फाराम नं. १ (२०१०) मा आफ्नो बेहोरा स्पष्ट खुलाई फी दस्तुर मोरु १। वा थतिको नेपाली टिकटसहित २०१४ साल कार्तिक २६ गते रोज ५ सम्ममा तलको ठेगानामा पुग्ने गरी दरखास्त गर्नु होला । फी दस्तुर नभएका र म्याद नाघी दाखिल भएका दरखास्तउपर विचार हुनेछैन ।

पदको विवरण यस प्रकार छन्:-

[क] रौतहट पिपरा माध्यमिक पाठशालालाई—

[१] पदः- माध्यमिक शिक्षक, स्थायी तथा पेन्सन पाइने ।

[२] आवश्यक न्यूनतम योग्यताः- राजशास्त्र वा अर्थशास्त्र लिई आई. ए. पास ।

[३] वांछनीय योग्यताः- शिक्षणकला जानेकालाई प्राह्यता दिने ।

[४] तलबको स्केल र भत्ताः- कं.रु. ७० देखि १३० महँगीभत्ता कं. रु.१२।५०

[ख] तामे समुद्रतार पाठशालालाई—



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

[१] पदः- प्रारम्भिक शिक्षक, स्थायी तथा पेन्सन पाइने ।

[२] आवश्यक न्यूनतम योग्यताः- पूर्व मध्यमा उत्तीर्ण ।

[३] वांछनीय योग्यताः- व्याकरण लिपकोलाई प्राहथता दिने ।

[४] तलबको स्केल र भत्ताः- तलब मोरु ३५। देखि ६०। महँगी भत्ता मोरु ४०।

आज्ञाले —
खड्गमान मल्ल,
सेक्रेटरी-पब्लिक सर्भिस कमिशन.
सिंहदरबार काठमाडौं नेपाल.

## पब्लिक सर्भिस कमिशनको विज्ञापन नं. ५४

स्वास्थ्यमन्त्रालय-अन्तर्गत वीर फिमेल अस्पताललाई एकजना लेडी डाक्टर चाहिएको छ । योग्य उमेदवारहरूले प. स. क. फाराम नं.१ (२०१०) मा आफ्नो विवरण स्पष्ट भरी २०१४ साल मार्ग ६ गते रोज १ सम्ममा यसका ठेगानामा पुग्ने गरी मोरु ३। । रुपैयाँको नेपाली टिकट टाँसी दरखास्त गर्नु होला । फी दस्तुर नभएका र म्याद नाघी आएको दरखास्तउपर कुनै विचार हुने छैन । दरखास्त फारामको नमुना प्रत्येक नेपाली हुलाक गढी गौंडा गोस्वारामा पनि पाइन्छ ।

पदको विवरण यस प्रकार छ :—

१. पदः-ग्याजेटेड, स्थायी तथा पेन्सन पाइने ।
२. आवश्यक न्यूनतम योग्यताः- एम्. बी. बी. एस. ।
३. मासिक तलब भत्ताः- तलब मोरु १८०। महँगी भत्ता मोरु ४०।
२. विशेष सुविधाः-नखजाएको क्वार्टर्स पाइने ।

आज्ञाले—
खड्गमान मल्ल,
सेक्रेटरी—पब्लिक सर्भिस कमिशन.
सिंहदरबार काठमाडौं नेपाल.

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## पब्लिक सभिस कमिशनका विज्ञापन नं. ५५

गृहमन्त्रालय-अन्तर्गत विराटनगर गोस्वाराका बडाहाकिमलाई एकजना पर्सनल सेक्रेटरी चाहिएको छ। योग्य उमेदवारहरूले प. स. क. फाराम नं. १[२०१०] मा आफ्नो बेहोरा स्पष्ट खोली फी दस्तुर मोरू ३। वा त्यतिको नेपाली टिकटसहित २०१४ साल मार्ग ६ गते रोज १ सम्ममा तलको ठेगानामा पुग्ने गरी दरखास्त गर्नु होला। फी दस्तुर नभएका र म्याद नाघी दाखल भएका दरखास्तउपर विचार हुनेछैन, दरखास्त फारामको नमूना प्रत्येक नेपाली हुलाक गढी गौंडा गोस्वाराहरूमा पनि पाइनेछ।

पदको बिवरण यस प्रकार छः—

१ पद:- पर्सनल सेक्रेटरी, स्थायी तथा पेन्सन पाइने।

२. आवश्यक न्यूनतम योग्यता:—निजामती मध्यम र अंग्रेजीमा बी. ए. पास।

३. वांछनीय योग्यता:-निकाशा पुर्जा दिने, मुद्दा मामिलातर्फ अनुभवी र सरकारी अड्डाखानामा काम गरी अनुभव पाएका लाई विशेष ग्राह्यता दिने।

४. मासिक तलब र भत्ता:-तलब मोरू १८०। र महँगी भत्ता मोरू २०।

आज्ञाले--

खड्गमान मल्ल,

सेक्रेटरी-पब्लिक सर्भिस कमिशन.

सिंहदरबार, काठमाडौं, नेपाल.

## पब्लिक सभिस कमिशनको विज्ञापन नं. ५६

गृहमन्त्रालय-अन्तर्गत पश्चिम ३ नं. गोस्वाराका बडाहाकिमलाई एक. जना पर्सनल सेक्रेटरी चाहिएको छ। योग्य उमेदवारहरूले प. स. क. फाराम नं. १(२०१०) मा आफ्नो बेहोरा स्पष्ट खोली फी दस्तुर मोरू १.५० वा त्यतिको नेपाली टिकटसहित २०१४।८।६।१ सम्ममा तलको ठेगानामा दरखास्त गर्नु होला। फी दस्तुर नभएका र म्याद नाघी दाखिल भएका दरखास्तउपर विचार हुनेछैन। दरखास्त फारामको नमूना प्रत्येक नेपाली हुलाक गढी गौंडा गोस्वाराहरूमा पनि पाइन्छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पदको विवरण यस प्रकार छः-

१. पदः- पर्सनल सेक्रटरी, स्थायी तथा पेन्सन पाइने।

२. आवश्यक न्यूनतम योग्यताः- आई. ए. र निजामती मध्यम पास।

३. वांछनीय योग्यताः- निकाशा पुकासा दिने र मुद्दा मामिलामा अनुभवी-
लाई ग्राह्यता दिने।

४. मासिक तलब र भत्ताः- तलब मोरु १५०। र महँगी भत्ता मोरु २०।

आज्ञाले—
खड्गमान मल्ल,
सेक्रेटरी—पब्लिक सर्भिस कमिशन,
सिंहदरबार काठमाडौं नेपाल.

## पब्लिक सर्भिस कमिशनको विज्ञापन नं. ५७

शिक्षामन्त्रालय-अन्तगत त्रिचन्द्र कलेजका निमित्त एक जना लाइब्रेरियन चाहिएको छ। योग्य उमेदवारहरूले प. स. क. दरखास्त फाराम नं. १ (२०१०) मा आफ्नो बेहोरा स्पष्ट खुलाई फी दस्तुर मोरु १।५० वा त्यतिको नेपाली टिकटसहित २०१४ साल माघ १२ गते रोज ४ सम्ममा तलको ठेगानामा पुग्ने गरी दरखास्त गर्नु होला। फी दस्तुर नभएका र म्यादनाघी दाखिल भएका दरखास्तउपर विचार हुनेछैन।

पदको विवरण यस प्रकार छः-

१. पदः- लाइब्रेरियन, ननगजेटेड स्थायी तथा पेन्सन पाइने।

२. आवश्यक न्यूनतम योग्यताः- बी. ए. लाइब्रेरी विषयका डिग्री वा डिप्लो-
मा प्राप्त।

३. मासिक तलबको स्केल र भत्ताः- तलब मोरु १४०। देखि २५०। महगी
भत्ता मोरु २०।

आज्ञाले—
खड्गमान मल्ल,
सेक्रेटरी—पब्लिक सर्भिस कमिशन,
सिंहदरबार काठमाडौं, नेपाल,

332
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

## पब्लिक सर्भिस कमिशनको विज्ञापन नं. ५८

शिक्षामन्त्रालय—अन्तर्गत [वीर पुस्तकालय भोटे फाँटको निमित्त दुइ जना पंडित चाहिएका छन्। योग्य उमेदवारहरूले प. स. क. दरखास्त फाराम नं १ [२०१०] मा आफ्नो बेहोरा स्पष्ट खुलाई फी दस्तुर मोरु १। वा त्यतिको नेपाली टिकटसहित २०१४ साल मार्ग १० गते रोज २ सम्ममा तलको ठेगानामा पुग्ने गरी दरखास्त गर्नु होला । फी दस्तुर नभएका र म्याद नाघी दाखिल भएको दरखास्तउपर विचार हुनेछैन।

पदको विवरण यस प्रकार छः-

१. पदः-पंडित, स्थायी तथा पेन्सन पाइने।

२. आवश्यक न्यूनतम योग्यताः-नेपालका सबै प्रकारका लिपी लेख्न बाच्न सक्ने, भोटे भाषा र लिपीमा समेत ज्ञान भएको, संस्कृत पनि जानेको।

३. वाँछनीय योग्यताः-भोटे भाषाको बौद्ध ग्रन्थहरूको वर्गीयकरण गर्न सक्ने।

४. मासिक तलबको स्केल र भत्ताः—तलब मोरु ५०। देखि ६०। महँगी भत्ता मोरु १०।

आज्ञाले—
खड्गमान मल्ल,
सेक्रेटरी-पब्लिक सर्भिस कमिशन
सिंहदरवार काठमाडौं नेपाल.

## पब्लिक सर्भिस कमिशनको विज्ञापन नं. ५९

शिक्षामन्त्रालय-अन्तर्गत त्रिचन्द्र कलेजलाई निम्नलिखित ४ चारजना लेक्चरर चाहिएका छन्। योग्य उमेदवारहरूले प. स. क. फाराम नं १(२०१०) मा आफ्नो विवरण स्पष्ट खुलाई तलको ठेगानामा पुग्ने गरी फी दस्तुर मोरु ३। वा त्यतिको नेपाली टिकटसहित २०१४ साल मार्ग १३ गते रोज ५ सम्ममा दरखास्त गर्नु होला। फी दस्तुर नभएको र म्याद नाघी दाखिल भएको दरखास्तउपर विचार हुनेछैन।

पदका विवरण यस प्रकार छन्ः—

१. (क) हिन्दी लेक्चरर दुइ, (ख) जूलजी लेक्चरर एक, (ग) फ्रेन्च लेक्चरर एक सबैको पदका निमित्त--

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१. पदः-लेक्चरर, गजेटेड, स्थायी तथा पेन्सन पाइने ।
२. आवश्यक न्यूनतम योग्यताः-तत्तद् विषयमा एम्. ए. पास ।
३. वांछनीय योग्यताः-पहिला वा दोश्रा श्रेणीमा पास भएकोलाई ग्राह्यता दिइने ।
४. मासिक तलबको स्केल र भत्ताः-तलब मोरु १८० देखि ४००।, महँगी भत्ता मोरु २०।

आज्ञाले--
खड्गमान मल्ल,
सेक्रेटरी-पब्लिक सर्भिस कमिशन.
सिंहदरबार, काठमाडौं, नेपाल.

## पब्लिक सर्भिस कमिशनको विज्ञापन नं ६०

शिक्षामंत्रालय—अन्तर्गत पद्मकन्या कलेजलाई एकजना पोलिटिक्स लेक्चरर चाहिएको छ। योग्य उमेदवारहरूले प. स. क. दरखास्त फाराम नं. १ २०१० मा आफ्नो बेहोरा स्पष्ट भरी तलको ठेगानामा पुग्ने गरी फी दस्तुर मोरु ३। वा त्यतिको नेपाली टिकट सहित २०१४ साल माघ २४ गते रोज २ सम्ममा दरखास्त गर्नु होला । म्याद नाघी दाखिल भएको र फी दस्तुर नभएको दरखास्त-उपर विचार हुनछैन ।

पदको विवरण यस प्रकार छ:—
१. पदः—पोलिटिक्स लेक्चरर, गजेटेड, स्थायी तथा पेन्सन पाइने ।
२. आवश्यक न्यूनतम योग्यताः—पोलिटिक्समा एम्. ए. पास ।
३. वांछनीय योग्यताः-पहिला वा दोश्रा श्रेणीमा पास भएकालाई ग्राह्यता दिने ।
४ मासिक तलबको स्केल र भत्ताः—तलब मोरु १८०। देखि ४००। महँगी भत्ता मोरु २०।

आज्ञाले—
खड्गमान मल्ल,
सेक्रेटरी-पब्लिक सर्भिस कमिशन.
सिंहदरबार काठमाडौं, नेपाल,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग
328

## पब्लिक सर्भिस कमिशनको सूचना
## विज्ञापन नं. ४५ मा थप (ख)

टेलिफोन हेड अफिसलाई ३ र अर्थ नियन्त्रण मन्त्रालयलाई १ समेत ४ जना जूनियर क्लर्क चाहिएको छ भनी विज्ञापन नं. ४५ मा प्रकाशित तथा प्रसारित भएको थियो। हाल फेरि पूर्व ४ नं. भेटेरीनरी डिस्पेन्सरीलाई २ जना जूनियर क्लर्क चाहिएकोले जम्मा जवान ६ पुगेको छ। यो पदमा पनि उमेदवारहरूले प. स. क. फाराम नं. १ (२०१०) मा भरी पहिले प्रकाशित मिति २०१४।७।६।६ सम्ममा फी दस्तुर मोरु १ वा त्यतिको नेपाली टिकट सहित दरखास्त दिन सूचना गरिएको छ।

पूर्व ४ नं. भेटेरिनरी डिस्पेन्सरीलाई चाहिने जू. क्ल. को विवरण यस प्रकार छः

१. पदः- जूनियर क्लर्क, स्थायी तथा पेन्सन पाइने।

२. आवश्यक न्यूनतम योग्यताः- निजामती मध्यम वा एस. एल. सी.

३. वांछनीय योग्यताः- श्रेस्तातर्फको काममा अनुभवी।

४. मासिक तलबको स्केल र भत्ताः-तलब मोरु. ३५। देखि ६०। महँगी भत्ता मोरु १०। बही बुझाउने भत्ता मोरु ५।
जम्मा ५०।

आज्ञाले—
खड्गमान मल्ल,
सेक्रेटरी—पब्लिक सर्भिस कमिशन,
सिंहदरबार काठमाडौं नेपाल.

## पब्लिक सर्भिस कमिशनको सूचना
## विज्ञापन नं. ५१ मा थप (ग)

अर्थ प्रशासकीय व्यवस्थालाई १ र लाइभस्टक इम्प्रुभमेन्टलाई १ समेत टाइपिस्ट जवान २ चाहिएकोले विज्ञापन नं. ५१ प्रकाश भै त्यसपछि थप सूचना क र ख बाट टाइपिष्ट जना ८ पुगेको सूचना दिएकोमा हाल त्रि चन्द्र

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

कलेजलाई एकजना टाइपिष्ट चाहिएको हुँदा जम्मा टाइपिस्ट जवान ६ पुगेको हुनाले उमेद्वारहरूले २०१४।७।१४।४ सम्ममा प. स. कमिशनमा पुग्ने गरी फी दस्तुर मोरु १ वा त्यतिको नेपाली टिकटसहित दरखास्त दिन सूचना गरिएको छ।

त्रिचन्द्र कलेजको निमित्त पदको विवरण यस प्रकार छ :—

१. पद:- टाइपिष्ट, स्थायी तथा पेन्सन पाइने।

२. आवश्यक न्यूनतम योग्यता:- अंग्रेजी नेपाली दुवै विषयको टाइपिस्ट पास भएको।

३. मासिक तलबको स्केल र भत्ता:-मोरु ३५। देखि ६०, महँगी भत्ता मोरु १० र टाइपिष्टभत्ता मोरु १५ समेत जम्मा ६०।

आज्ञाले—
खड्गमान,
सेक्रेटरी—पब्लिक सर्भिस कमिशन,
सिंहदरबार काठमाडौं नेपाल,

## पब्लिक सर्भिस कमिशनको सूचना

## विज्ञापन नं. ४५ मा थप (ग)

टेलिफोन हेड आफिसलाई ३, अर्थ नियन्त्रण मन्त्रालयलाई १ समेत जूनियर क्लर्क ४ जना र पछि पटक पटक थप गरी विजुली अड्डा साँखी फाँटलाई १, पूर्व ४ नं. भेटेरिनरी डिस्पेन्सरीलाई १ समेत ६ जना जू. क्ल. चाहिएको छ भनी विज्ञापन न. ४५ मा प्रकाशित तथा प्रसारित भएको थियो। हाल फेरि त्रिचन्द्र कलेजलाई २ जना जू. क्ल. चाहिएकोले जम्मा जवान ८ पुगेको छ। यो पदमा पनि उमेदवारहरूले प. स. क. फाराम नं. १ [२०१०] मा भरी पहिले प्रकाशित मिति २०१४।७।६.६ सम्ममा फी दस्तुर मोरु १। वा त्यतिको नेपाली टिकटसहित दरखास्त दिन सूचना गरिएको छ।

आज्ञाले—
खड्गमान न.३.
सेक्रेटरी—पब्लिक सर्भिस कमिशन,
सिंहदरबार काठमाडौं नेपाल,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# पब्लिक सर्भिस कमिशनको सूचना

विज्ञापन नं. ५२ मा तामे समुद्रतार पाठशालालाई प्रारम्भिक शिक्षक र चिबरा माध्यमिक पाठसालालाई माध्यमिक शिक्षक चाहिनेमा सबभन्दा अधिका गो. प. अंकहरूमा गडबड किसिमबाट छापिन गएको हुनाले उमेदवारहरूको भ्रम निवारणका निमित्त फेरि सो नं. ५२ को विज्ञापन प्रकाशित गर्ने काम भएको छ।

आज्ञाले—
गड्गमान मल्ल,
सेक्रेटरी-पब्लिक सर्भिस कमिशन.
सिंहदरबार काठमाडौं नेपाल.

गोरखापत्र छापाखानामा मुद्रित । मेनेजर प्रेमराज शर्मा.

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२२८

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३३८